# व्यास नगर कार्यपालिकासँग प्रमुख प्रशासकीय अधिकृतको प्रतिवद्धता

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली २०६५, निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं नेपाल सरकारद्वारा समय समयमा जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधानका अतिरिक्त देहाय बमोजिमको प्रतिवद्धता व्यक्त गर्दै व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत म सुकदेव लम्सालले व्यास नगरपालिकाका नगर प्रमुख समक्ष गरेको कार्य सम्पादन प्रतिवद्धता :

१. विकास एवं सेवा प्रवाहका क्रियाकलापको समिक्षा सहितको चौमासिक र वार्षिक प्रतिवेदन नियमित रुपमा संघीय मामिला तथा सार्मान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयमा पेश गर्नेछु। साथै मन्त्रालयबाट माग भएका विवरणहरु समेत तोकिएको समयमै पठाउनेछु।

२. कार्यालय व्यवस्थापनमा नयाँ प्रविधि, ज्ञान, सीपको उपयोग गरी अन्तर सरकार समन्वय र सहकार्यलाई प्रभावकारी र व्यवस्थित गर्न पहल गर्नेछु।

३. वित्तीय सुशासन कायम राख्न प्रचलित आर्थिक, वित्तीय एवं सार्वजनिक खरिद कानून, नियम, निर्देशन परिपत्र र कार्यविधिहरुको पूर्ण पालना गर्नुका साथै प्राथमिकता साथ कार्यन्वयन गर्नेछु। सम्पूर्ण आर्थिक कारोबार SUTRA मार्फत सञ्चालन गर्नेछु।

४. **"शुन्य बेरुजु"** को नारालाई अभियानको रुपमा कार्यान्वयन गर्नेछु। विगत देखिनै थपिदै आएको एकमुष्ठ बेरुजु मध्ये नियमित गर्नुपर्नेलाई नियमिति गर्ने र असुल उपर गर्नुपर्नेलाई असुल उपर गर्नेछु। साथै मेरो कार्यकालमा कुनैपनि प्रकारको बेरुजु आउन नदिने तर्फ सचेत रहनेछु।

५. स्थानीय तहमा आवश्यक कानुन तर्जुमाको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउनेछु।

६. स्थानीय तहका कर्मचारीलाई आधारभूत प्रशासनिक संस्कृति र कार्य प्रकृया सम्बन्धमा प्रशिक्षित गर्नेछु। नगरपालिका कार्यालय, वडा कार्यालय र मातहतका निकायका कर्मचारीहरुलाई नियमित हुन, अनुशासित हुन, काम प्रति र सेवाग्राही प्रति सकारात्मक सोच सहित प्रतिवद्ध रहन प्रेरित तथा निर्देशित गर्नेछु।

७. स्थानीय तथ्याङ्क तथा अभिलेख व्यवस्थापन अद्यावधिक गर्ने कार्यलाई प्राथमिकता दिनेछु।

८. सार्वजनिक जवाफदेहिता प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण जस्ता औजारहरु नियमित रुपमा गर्ने/गराउने छु।

९. सुरक्षित र व्यवस्थित आवास विकासका लागि प्रचलित भवन संहिता तथा भवन निर्माण मापदण्डको पूर्ण पालना गराउनेछु।

१०. कार्यालयको फोन, मोवाइल नम्वर, इमेल तथा Website नियमित रुपमा अध्यावधिक गर्नेछु र आफ्नो कार्यालयको मोवाइल फोन (Official Mobile Phone) सदैव खुला राख्नेछु। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको Website नियमित रुपमा हेर्नेछु।

११. सेवा प्रवाहलाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुचँ योग्य बनाई विकासका क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र गराउने काम गर्नेछु।

१२. खटिएको स्थानमा कम्तिमा एक वर्ष सेवा गर्नेछु।

१३. आम्दानी, खर्च, निर्माण भएका ऐन, नियम कार्यविधि, लेखापरीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदन कार्यालयको वेवसाइट मार्फत सार्वजनिक गर्नेछु।

१४. वालमैत्री तथा वातावरणमैत्री स्थानीय शासनको अवधारणालाई पूर्णरुपमा कार्यान्वयन गर्नेछु।

व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमौली, तनहुँ, गण्डकी प्रदेश

वैकुण्ठ न्यौपाने
प्रमुख

१५. स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधिका सूचकहरुलाई पूर्णरुपमा कार्यान्वयन गर्नेछु । स्वमूल्याङ्कनलाई अझ बढी वैज्ञानिक र वस्तुनिष्ठ वनाउन विशेष पहल गर्नेछु ।

१६. राजनीति प्रति तटस्थ र सेवा प्रति प्रतिबद्ध रहने छु ।

१७. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय जनप्रतिनिधि र स्थानीय नागरिक प्रति जिम्मेवार र जवाफदेही रही आफ्नो कार्यसम्पादन गर्नेछु । जनप्रतिनिधिहरुको सोच र कर्मचारीहरुको कार्य क्षमतालाई एकीकृत गरी Synergetic परिणाम निकाल्ने प्रयास गर्नेछु ।

१८. लामो समयदेखि अल्पकालीन ढंगबाट मात्रै गरिआएको सरसफाई व्यवस्थापनलाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिका साथ समाधान गर्ने प्रयास गर्नेछु ।

१९. राजश्व सङ्कलन र व्यवस्थापन स्थानीय सरकार सञ्चालनको मेरुदण्ड हो । विगतमा राजश्व सङ्कलनमा देखिएका कमीकमजोरीलाई सुधार गर्दै प्रभावकारी रुपमा राजश्व सङ्कलन र व्यवस्थापनको लागि सबै प्रकारका औजारहरु प्रयोग गर्नेछु ।

२०. कार्यालय भित्र पुनः प्रयोगमा आउन नसक्ने सामग्रीहरुले कार्यालयका ठाउँहरु ओगटी सेवा प्रवाहमा असर परेको र राजश्व आम्दानी समेत प्रभावकारी रुपमा नउठेको सन्दर्भमा पुराना सबै जिन्सी सामग्रीहरुको लिलाम प्रकिया अघि बढिसकेको हुँदा छिट्टै यसको तार्किक निष्कर्षमा पुऱ्याउने छु ।

२१. नगर प्रहरीलाई व्यारेक प्रणालीमा व्यवस्थापन गरी २४ सैं घण्टा परिचालन गर्न सकिने गरी राखिने छ । जस्ले गर्दा नगर प्रहरीको कार्य क्षमताको भरपुर प्रयोग हुनेछ भने नागरिकले तत्काल सेवा पाउने व्यवस्था गर्नेछु ।

२२. व्यास नगरपालिका वडा नं.१० मा सञ्चालित **"जग्गा विकास कार्यक्रम"** यसै नगरपालिका कै गौरवशाली आयोजना भएको हुँदा यसको सफल कार्यान्वयनले नगरपालिकाको मात्रै होइन अन्य यस क्षेत्रका पालिकाहरुमा पनि सकारात्मक सन्देश दिनेछ । तसर्थ यसको सफल कार्यान्वयनको लागि समुदाय र कर्मचारी परिचालनमा विशेष जोड दिनेछु ।

२३. सुशासनलाई थप प्रभावकारी बनाउन यस आ.व.बाट एक लाख रुपैयाँभन्दा माथिको भुक्तानी गर्दा अग्रिम आन्तरिक लेखापरीक्षण पश्चात् मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउने छु ।

२४. यो सम्झौता पत्रलाई मैले औपचारिकताको लागि गरिन केवल कागजी दस्तावेजको रुपमा मात्र हेरेको छैन । यसको सफल कार्यान्वयनको लागि म मन, वचत र कर्मले प्रतिबद्ध छु र मेरो नेतृत्वको प्रशासनलाई पनि प्रतिवद्ध बनाई परिचालन गर्नेछु । आजको दिनमा नगर सभा, कार्यपालिका र विशेष गरी नगर प्रमुख एवं उपप्रमुखज्यूहरुको सकारात्मक र अभिभावकीय साथ र सहयोगको अपेक्षा गरेको छु ।

कार्यपालिकाको तर्फबाट

| | |
|---|---|
| ............... | ............... |
| सुकदेव लम्साल | वैकुण्ठ न्यौपाने |
| प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |
| मितिः २०८२।१२।४ | मितिः २०८२।१२।४ |

व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमौली, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३